नेपाली महावाणिज्यदूतावास
सान फ्रान्सिस्को
Consulate General of Nepal
San Francisco

## ओरेगन राज्यको पोर्टल्याण्ड शहरमा राहदानी तथा कन्सुलर घुम्ती सेवा सञ्चालन हुने सम्बन्धी सूचना!

Nepali Association of Oregan (NAO) सँगको सहकार्यमा नेपाली महावाणिज्यदूतावास, सान फ्रान्सिस्कोले ओरेगन राज्यको पोर्टल्याण्डमा देहायको मिति, समय र स्थानमा घुम्ती सेवा प्रदान गर्ने कार्यक्रम तय गरेकोले उक्त घुम्ती सेवामार्फत इच्छुक सेवाग्राहीहरूले आफूलाई आवश्यक सेवा प्राप्त गर्न अनुरोध गरिन्छः

**घुम्ती सेवा आयोजना हुने मिति, समय र स्थानः**

**मितिः** ०६ जुन २०२६ (तदनुसार २०८३ जेष्ठ २३ गते)।
**समयः** दिनको ९:०० बजे देखि अपरान्ह ५:०० बजेसम्म।
**स्थानः** **Hillsboro Civic Center, Room no. 113. B and C, 150 E Main St., Hillsboro, OR 97113**

यस घुम्ती सेवा सहज व्यवस्थापन तथा स्थानीय समन्वयका लागि Nepali Association of Oregan (NAO) का अध्यक्ष श्री एकराज दाहाल +१ ७८१ ४६७ ६७४७ लाई सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**प्रवाह हुने सेवा, सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने प्रकृया, पेश गर्नुपर्ने कागजात तथा शुल्क:**

**राहदानी आवेदन (Passport application)**

**आवश्यक कागजातहरु:**

- नागरिकता प्रमाणपत्रको सक्कल वा सबै विवरण प्रष्ट देखिने छायाँप्रति (photocopy),
- नाबालकको हकमा नाबालक परियचपत्र, बाबु-आमाको नागरिकता प्रमाणपत्र, राहदानी र विवाह दर्ताको प्रमाणपत्र तथा सोको छायाँप्रतिहरु,
- नवीकरणको लागि हालको राहदानीको सक्कल तथा छायाँप्रति । हराएको हकमा छायाँप्रति ।
- अनलाइन फाराम भरेपछि डाउनलोड गरिएको बारकोडसहितको PDF फारामको प्रिन्टेड प्रति,
- आफ्नो अध्यागमन status खुल्ने कागजात र सोको छायाँप्रति (Visa, PR, Work/Study Permit)।

**अनलाइन फाराम भर्ने तरिकाः**

- **देहायका कागजातहरूको रङ्गिन .JPEG स्क्यान गरी तयार राख्ने (300 KB वा सोभन्दा कम):**
  - नेपाली नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको पृष्ठ,
  - नाबालकको हकमा नाबालक परिचयपत्रको अगाडि र पछाडिको पृष्ठ,
  - हालको राहदानीको प्रथम पृष्ठ (वाहकको फोटो र कार्यालयको छाप भएको पृष्ठ आउने गरी)
  - राहदानीको अन्तिम पृष्ठ (निकटतम व्यक्तिको नाम, ठेगाना भएको)
- **अनलाईन फाराम भर्नुअघि आफ्नो कम्प्युटर वा ल्यापटप वा मोबाईलको Date and Time Setting मा गई Time Zone "Kathmandu, Nepal" (UTC+05:45) छनौट गर्ने,**
- अनलाइन आवेदनका लागि https://emrtds.nepalpassport.gov.np/ मा जाने,

- Appointment Country मा Other छनौट गरी Appointment Location मा "NCG, San Francisco" छनौट गर्ने । **NCG, San Francisco का लागि जुन ६, २०२६ मा उपलब्ध Time Slots चयन गरी अनलाइन फाराम (Pre Enrollment) भर्ने।**
- फाराम भर्दा माथि उल्लेख भएबमोजिम रङ्गिन स्क्यान गरिएका कागजातहरु Upload गर्ने,
- **सम्पूर्ण विवरण भरिसकेपछि उपलब्ध हुने बारकोडसहितको PDF फाराम Download गरी Print गर्ने।** (*डाउनलोड गरिएको फारामको दायाँपट्टि छेउमा र Bottom मा बारकोड रहेको देख सकिनेछ।*)
- **फाराम भेरिफिकेसनका लागि डाउनलोड गरिएको बारकोडसहितको PDF फारामको प्रति यस महवाणिज्यदूतावासको इमेल: consul@nepalconsulatesf.org मा अनिवार्यरूपमा पठाउने।**
- डाउनलोड गरिएको बारकोडसहितको PDF फारामको प्रिन्ट प्रति तथा अन्य आवश्यक कागजातसहित सहित, आवेदक स्वयम् Biometrics का लागि फाराम भर्दा चयन गरिएको Appointment Time मा उपस्थित हुनुपर्ने।
- अनलाइन फाराम भर्ने तरिकासम्बन्धी जानकारी एवम जानकारीमूलक भिडियो महावाणिज्यदूतावासको वेबसाइटको लिंक राहदानी सेवा | Consultate General of Nepal Sanfransico मा उपलब्ध छ ।

❖ ***साथै, जुन ६, २०२६ शनिवारका लागि खुल्ला गरिएको Pre Enrollment Slots केवल Portland मा सञ्चालन हुने राहदानी घुम्ती सेवाकालागि मात्र उपलब्ध गराइएकोले अन्य आवेदकहरूले उक्त दिनको राहदानी फाराम नभर्नुहुन अनुरोध गरिन्छ। उक्त दिन नेपाली महावाणिज्यदूतावस, सान फ्रान्सिस्को बन्द रहने बेहोरासमेत जानकारी गराइन्छ।***

**राहदानी आवेदन सम्बन्धी अन्य महत्वपूर्ण जानकारी:**

- राहदानी नवीकरण शुल्क अमेरिकन डलर १५० रहेको छ। हराएको वा बिग्रिएको राहदानीको हकमा अमेरिकन डलर २२५ लाग्नेछ। तर, १० बर्ष भन्दा मुनिका नाबालकको हकमा नवीकरण शुल्क अमेरिकन डलर ७५ तथा राहदानी हराएको वा बिग्रिएको हकमा अमेरिकन डलर ११२.५ लाग्नेछ।
- राहदानीका लागि फोटो ल्याउनु नपर्ने।
- राहदानी शुल्क बापतको रकम Consulate General of Nepal, San Francisco को नाममा तयार गरिएको Money Order बाट मात्र भुक्तानी गर्न सकिने। नगद तथा Debit/Credit Card स्वीकार्य नहुने।

राहदानी सेवाका अतिरिक्त उक्त घुम्ती सेवाका दौरान **वारेशनामा प्रमाणीकरण, गैर आवासीय नेपाली परिचयपत्र, नेपाली नागरिकताको परित्याग, कागजात प्रमाणीकरण, एकतर्फी यात्रा अनुमतिपत्र** लगायतका सेवाहरू समेत प्रदान गरिनेछ। उल्लेखित सेवाहरू, सोका लागि आवश्यक कागजात तथा लाग्ने शुल्कको बारेमा विस्तृत जानकारी महावाणिज्यदूतावासको वेबसाइट **sf.nepalconsulate.gov.np** मा रहेका छन्।

यि सेवाहरुको बारेमा थप जानकारी आवश्यक भएमा वा अन्य कुनै सेवा सम्बन्धी जानकारी तथा जिज्ञाशा भएमा महावाणिज्यदूतावासको फोन नं. +१ ३२३ ४८० ८२९२ वा Email: consul@nepalconsulatesf.org मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**नेपाली महावाणिज्यदूतावास**
**सान फ्रान्सिस्को ।**
**मे २२, २०२६**